# गैडहवा गाउँपालिकाको नीति तथा कार्यक्रम २०८३।०८४

## "कृषि,शिक्षा,स्वास्थ्य,रोजगार र ब्यापारः पर्यटन सहितको पूर्वाधार विकासको आधार"

## गैडहवा गाउँपालिका रूपन्देहीको

## आर्थिक बर्ष २०८३/८४ को बार्षिक नीति तथा कार्यक्रम

**सभाका उपाध्यक्ष ज्यू, सभाका सचिव ज्यू, सभाका सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मीहरू, पत्रकारहरू,**

**नेपालको संविधान जारी भई राज्यको पुनर्संरचना पश्चात दोस्रो पटक भएको स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि नवौं पटक बसेको** गैडहवा गाउँसभाको गरिमामय गाउँसभामा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु।

यस अवसरमा सबैभन्दा पहिले म राष्ट्रको गौरव एकता र अखण्डताका लागि संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा समग्र मुलुकको शान्ति, प्रगति र उन्नतिका लागि विभिन्न कालखण्डमा भएका लोकतान्त्रिक क्रान्ति, सशस्त्र आन्दोलन, मधेश अन्दोलन, नव-युवा (Gen-Z) को आन्दोलन तथा अन्य जनआन्दोलनहरुमा अमूल्य जिवन अर्पण गर्नुहुने महान शहिदहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

गाउँपालिकामा शासकीय प्रवन्ध, सेवाप्रवाह र विकास निर्माणका लागि आवश्यक पर्ने धेरै कानूनहरु निर्माण भईसकेका छन । हाल सम्म साझा र एकल अधिकार अन्तर्गत विभिन्न ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरु तयार भई कार्यान्वयनमा आईसकेका छन् । यस गाउँपालिकाका सबै कानूनका साथै संघीय सरकार र प्रदेश सरकारकासम्पूर्ण नीति तथा कानूनहरुको कार्यान्वयन गरी विधीको शासनको प्रत्याभूति गराउने नीति अवलम्बन गरिनेछ ।

गैडहवा गाउँपालिका जनताको घरदैलोको सरकारको रुपमा **"समृद्ध गैडहवा र सुखी गैडहवा वासी"** को आकाँक्षा पुरा गर्न हामी सदा प्रतिबद्ध छौं ।

नीति तया कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, आर्थिक कार्य प्रणाली, स्थानीय सरकार संचालन ऐन, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम र बजेट, दिगो विकास लक्ष्य, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु, वडा भेलाबाट प्राप्त योजनाहरु, स्थलगत रुपमा गरिने योजनाहरुको अनुगमनबाट प्राप्त सिकाई, विगतका समिक्षा तथा कार्यानुभावबाट प्राप्त पृष्ठपोषण, राजनीतिक दल, विषयगत शाखाहरु, निजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु, विषयगत समितिहरुको सुझावहरु, राजश्व परामर्श समितिको सुझाव, सभाका सदस्यहरुका राय सुझावहरु,स्थानीय तहका विभिन्न कानूनहरु,समय समयमा व्यक्त गरिएका प्रतिवद्धताहरु जस्ता आधारहरु अनुसरण गरी तयार पारिएको बेहोरा सम्मानित सभामा जानकारी गराउदछु ।

**आदरणीय सभा सदस्य ज्युहरुः**

१ विद्यालयमा विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी बनाई बालबालिकालाई विद्यालयमा टिकाई राख्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

२ संघीय सरकार समेतको सहयोगमा गैडहवा गाउँपालिकाको शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।

३ “सूचना प्रविधिमा आधारीत शिक्षामा जोड, कक्षा कोठामा डिजिटल वोर्ड” भन्ने आदर्श वाक्य पूरा गर्न सामुदायिक विद्यालयमा डिजिटल वोर्ड व्यवस्थापन गरी प्रविधि मैत्री शिक्षण सिकाईमा जोड दिईने छ ।

४ सवै सामुदायिक तथा धार्मिक विद्यालयको बालकक्षामा अध्ययनरत विद्यार्थीको लागि बालमैत्रीयुक्त कक्षा कोठा निर्माणको लागि खेल सामाग्री सहितको बाल कक्षा ब्यवस्थापन गरिनेछ।

५ आमा बाबुमध्ये एक वा दुवै अभिभावक गुमाएर बेसाहरा भएका विद्यार्थी, दलित तथा आर्थिक रुपले विपन्न भइ बिचमै पढाइ छाड्ने अवस्थामा पुगेका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको लागि न्यूनतम शैक्षिक सामाग्री अन्तर्गत

कापी, कलम लगायतका सामग्री उपलब्ध गराउनुका साथै धार्मिक विद्यालय (मदरसा) को बालकक्षामा अध्ययनरत विद्यार्थीको लागि उपर्युक्त हुने कार्पेट (फर्म), कुशनको व्यवस्थापन गरिनेछ ।

६ **"हाम्रो गैडहवा हाम्रो पहिचान"** प्रवर्द्धनको लागि स्थानीय पाठ्यपुस्तक तयार गरी कार्यान्वयन गरिनेछ ।

७ विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिदै संघीय सरकार तथा प्रदेश सरकारको साझेदारीमा विद्यालय पूर्वाधारलाई सुविधा सम्पन्न गराउदै लगिनेछ ।

८ आधारभूत तहको परिक्षालाई व्यवस्थित र प्रभावकारी बनाउदै कक्षा ८ र एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक र विद्यालयलाई प्रोत्साहन गरिनेछ ।

९ विद्यालयमा दरबन्दी कमी भई पठनपाठन कार्य व्यवस्थित हुन कठिनाई भएका विद्यालयहरुलाई शिक्षण सहयोग अनुदान तथा गा.पा अनुदानलाई विद्यार्थी संख्या र विषयगत आधारमा पुनःवितरण गरिनेछ ।

१० **"एक विद्यालय एक फूलबारी"** कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्दै सम्पूर्ण विद्यालयहरुलाई हरित विद्यालयको रुपमा रुपान्तरण गर्दै लगिनेछ र विद्यालयका जग्गाहरु खाली नराखी उचित सदुपयोग गरिने व्यवस्था मिलाईनेछ ।

११ विद्यालयको विस्तृत भौतिक पूर्वाधार परिक्षण (Audit) गरी सुधारका कार्यक्रम ल्याईनेछ।

१२ अत्यधिक गर्मीको समयमा विद्यार्थीहरुलाई पढाई लेखाई गर्न सहज पुर्याउने उद्देश्यले विद्यालयमा जडान भएका विद्युत मिटरको बिलका आधारमा महशुलको भुक्तानी दिने व्यवस्था मिलाइनेछ ।

१३ नमूना बालविकास केन्द्रहरुको विकास गर्न गाउँपालिका र अन्य संघ संस्थाहरुको साझेदारीमा भौतिक पूर्वाधार सुधार तथा वालविकाश सहजकर्ता हरुको क्षमता विकास गरिनेछ।

१४ विद्यालयहरुमा संचालन भएको दिवा खाजा कार्यक्रमलाई व्यवस्थित पोषणयुक्त र स्वस्थकर बनाई जङ्क फूड (पत्रु खाना) निषेध गरिंदै लगिनेछ ।

१५ **"स्वास्थ्यका लागि खेल, राष्ट्रका लागि खेल"** भन्ने राष्ट्रिय भावनालाई स्थानीयकरण गर्दै गाउँपालिकाका प्रत्येक नागरिकलाई शारीरिक तथा मानसिक रूपमा स्वस्थ बनाउन र स्थानीय स्तरका प्रतिभाहरूलाई पहिचान गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न युवा लक्षित **अध्यक्षकप, राष्ट्रपति रनिङ्ग शिल्ड तथा प्रतिभा पहिचान** लगायत विभिन्न प्रतियोगिता सञ्चालन गर्ने तथा खेल सामाग्री उपलब्ध गराई प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ।

१६ प्रध्यानाध्यापक तथा शिक्षकहरुको क्षमता अभिबृद्धि गर्न अवलोकन भ्रमण, नमूना शिक्षण तथा क्षमता विकास तालिमहरू सञ्चालन गरी आधुनिक ज्ञान तथा प्रविधिसँग समायोजन हुने अवसर प्रदान गरिनेछ ।

१७ गाउँपालिका भित्र अनुमति लिई सञ्चालनमा रहेका विद्यालयहरुको कक्षा अवलोकन, नमूना शिक्षण तथा अनुगमन निरीक्षण जस्ता कार्यलाई थप प्रभावकारी तथा व्यवस्थित गरिनेछ ।

१८ अभिभावक विहिन बालबालिकाहरुको अभिभावकत्व गाउँपालिकाले ग्रहण गरी उनीहरुलाई सिकाईका लागी छात्रबृतिको व्यवस्था मिलाइनेछ ।

१९ यस पालिकामा सञ्चालन भएको एक मात्र सूर्यपुरा बहुमुखी क्याम्पसको भवन निर्माण कार्य सम्पन्न गरी नयाँ भवन मार्फत प्रतिस्प्रर्धी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

२० प्राविधिक सिप मार्फत स्व-रोजगार, स्वावलम्वी बन्न चाहाने छात्र/छात्रालाई प्राविधिक शिक्षा अध्ययनमा सहजिकरण र प्रोत्साहन गरिनेछ ।

२१ विद्यालयहरूबाट निस्कने फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनका लागि विद्यालय परिसरभित्रै छुट्टै फोहोरमैला संकलन क्षेत्र (Collection Zone) को सञ्चालन गरिनेछ।

२२ किशोरीहरुलाई सेनिटरी प्याड निःशुल्क र भरपर्दो तरिकाबाट उपलब्ध गराइनेछ ।

**आदरणीय सभा सदस्य ज्युहरुः**

२३ विपन्न, पिछडा, हिंसाबाट पिडित र प्रभावित महिला, कमजोर अवस्थाका एकला महिलालाई जिविकोपार्जनमा सहजता ल्याउन सिपमा आधारित रोजगारमूलक कार्यक्रम ल्याईनेछ ।

२४ बौद्धिक तथा शारिरीक अपाङ्गता भएका व्यक्तिहरुलाई जीवनयापनमा सहजता ल्याउनको लागि जिवन सहयोगी कार्यक्रम संचालन गरिनेछ।

२५ महिला अधिकार तथा कानुनी साक्षरता कार्यक्रम संचालन गरी महिलालाई सशक्तिकरण गराउन जोड दिईनेछ।

२६ लैंगिक हिंसा न्यूनिकरण गर्न ,महिला तथा पुरुष बिच समान अवसर प्रवर्धन गर्न, वालविवाह, बहुविवाह, दाईजो प्रथा जस्ता सामाजिक विभेदकारी व्यवहार सुधारका लागि सरकारी, गैरसरकारी र सामुदयिक संस्थासगको साझेदारी मार्फत सचेतना अभिवृद्धि गरिनेछ ।

२७ जेष्ठ नागरिक पुनर्मिलनको लागि समुदाय स्तरमा जेष्ठनागरिक विश्राम बाटिका बनाईनेछ ।

२८ **"बेटि पढाउ बेटी बचाउ", "विहेवारी बीस (२०) बर्ष पारी"** अभियान सफलताका लागि वालिका विमा कार्यक्रमलाई आ.व. ०८३/०८४ मा निरन्तरता दिईने छ ।

२९ सवै वडा तथा टोलहरुलाई बालमैत्री घोषणा गर्न आवश्यक कार्यहरु गरिनेछ ।

३० गाउँपालिकाको गौरवको योजना (१५ शैया) गैडहवा आधारभूत अस्पतालको भवन सम्पन्न भएकोले विशेषज्ञ सहितको सेवा आगामी आर्थिक वर्षबाट सञ्चालन गरिनेछ ।जसबाट गैडहवा बासी लगायत छिमेकी पालिकाबासी समेत लाभान्वित हुने विश्वास लिएको छु ।

३१ स्वास्थ्य संस्थामा निःशुल्क उपलब्ध गराउनुपर्ने औषधी तथा औषधिजन्य सामाग्रीहरुको उचित आपूर्तीको प्रबन्ध मिलाईनेछ र खरिद प्रकियालाई प्रतिस्पर्धी, प्रभावकारी र गुणस्तरीय बनाईनेछ।

३२ निशुल्क मोतियाबिन्दुको उपचार र रक्तसञ्चार सेवालाई निरन्तरता दिईनेछ ।

३३ आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी जस्ता वैकल्पिक चिकित्सा प्रणालीलाई प्रवर्द्धन र विस्तार गरिंदै लगिनेछ ।

३४ मातृ शिशु स्वास्थ्य प्रवर्द्धनका लागि स्तनपायी सेवा कार्यक्रम, नागरिक आरोग्यताका लागि सामुदाय स्तरमा नागरिक आरोग्य सेवा कार्यक्रम, जेरियाटिक स्वास्थ्य समस्याका लागि ज्येष्ठ नागरिक स्वाथ्य प्रवर्द्धन कार्यक्रम संघीय सरकारको सहकार्यमा निरन्तरता दिइनेछ ।

३५ बातव्यादी जस्ता जीर्ण रोगको व्यवस्थापनका लागि संचालित पूर्व कर्म सेवा सुरजपुरा आर्युर्वेद औषाधालयबाट निरन्तरता दिइनेछ ।

३६ **मानासिक तथा शारीरिक स्वस्थतता लागि योगा** भन्ने अभियान सहित योग अभ्यास प्रवर्द्धन गरिनेछ ।

३७ आर्युर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी सेवा तथा तथ्याँक व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गरिनेछ ।

३८ खानपान रहन सहन सुधारका लागि **स्वच्छ चूलो स्वस्थ जिवन** अभियान लिई भान्सा सुधार कार्यक्रम संचालन गरिने छ ।

३९ जिर्ण स्वास्थ्य समस्याको प्रतिअसर रहित उपचारका लागि प्राकृतिक चिकित्सालयहरु संग सहकार्य गरी वैकल्पिक चिकित्सा मार्फत सेवा प्रवाह गरिने छ ।

४० हरेक विद्यालयमा आधारभूत योग अभ्यास मार्फत विद्यार्थी तथा शिक्षकमा सकारात्मक सोचको विकास गर्दै स्वस्थ, सक्षम मानव संशाधन विकासमा जोड दिइने छ ।

४१ गाउँपलिका भित्र रहेका स्वास्थ्य संस्थामार्फत आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने अधिकारलाई सुनिश्चित गरिने छ ।

४२ गाउँपालिकाबाट प्रवाह गरिने स्वास्थ्य सेवा गुणस्तर सुधार गरी गरिब सिमान्तकृत र पछाडि परेका समुदायमा स्वास्थ्य सेवाको पहुँच विस्तार गरिनेछ ।

४३ महामारीको पूर्व तयारी तथा व्यवस्थापनको लागि गाउँपालिका स्तरिय RRT लाई पूर्ण साधनस्रोत युक्त बनाई चुस्त राखिनेछ ।

४४ सरुवा तथा मौसमी रोग (डेंगु,कालाजार,औलो आदी)को नियन्त्रण तथा व्यवस्थापन गर्न कार्यक्रम ल्याइने छ ।

४५ स्वास्थ्य सेवा अन्तरगतका कार्यक्रमहरुको प्रभाव विश्लेषणका लागि खोज अनुसन्धान कार्य गरिने छ ।

४६ स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाई मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने सुत्केरीहरुलाई थप प्रोत्साहनको ब्यवस्था गरिने छ ।

४७ गा.पा. अन्तरर्गतका स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाई मातृ तथा नवशिशु मृत्यु दर घटाउन गाउँपालिका अन्तरर्गतका वर्थिङ्ग सेन्टर सम्म सुत्केरी गराउन आउने सुत्केरीहरुलाई दिईएको निः शुल्क एम्बुलेन्स सेवा लाई निरन्तरता दिईने छ ।

४८ विगत वर्षदेखि सञ्चालित जेष्ठ नागरिक तथा आपाङ्ग क र ख वर्गका नागरिकहरुलाई घरमै उपलब्ध हुदै आएको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ ।

४९ किशोर किशोरीहरुलाई स्वास्थ्य सम्बन्धि उचित परामर्शको व्यवस्था मिलाउन किशोरीकिशोरी मैत्री स्वास्थ्य संस्था घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५० महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई प्रभावकारी वनाउन थप प्रोत्साहनको व्यवस्था गरिनेछ ।

५१ महिला स्वास्थ्य स्वयं सेविकाहरुको उच्च मूल्याङ्कन गर्दै ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई ससम्मान विदाई हुने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५२ स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी वनाइनुका साथै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीको मनोवल बढाउने र शुसासन कायम गर्ने कार्यलाइ प्राथमिकता दिइने छ।

५३ उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौला, सिकलसेल, एनिमिया तथा मानसिक रोग लगायतका नसर्ने रोग पहिचान परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा संघिय सरकारसँग समन्वयमा प्रभावकारी बनाई नसर्ने रोगको बढ्दो चापलाई नियन्त्रण गर्न जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।

५४ एच .आई. भि संक्रमितलाई क्षमता विकास तथा सामाजिक व्यवस्थापनका लागि आवश्यक कार्यक्रम ल्याईनेछ ।

५५ क्षयरोग तथा कुष्ठरोगको खोजपड्ताल उपचार साथै सामजिक व्यवस्थापनलाई सँगसँगै लगिनेछ ।

५६ वर्षमा एक पटक एकीकृत बृहत स्वास्थ्य जाँच तथा सबै वडमा महिलाको पाठेघरको मुखको क्यान्सर जाँच (भि.आई.ए.) शिविर र स्थायी बन्ध्याकरण शिविर सञ्चालन गरिने छ ।

५७ स्वास्थ्य सूचना प्रणाली तथा आपुर्ति ब्यवस्थापनलाई थप ब्यवस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थाहरुबाटै अनलाइन माध्यमबाट प्रतिवेदन प्रविष्ट गर्ने ब्यवस्था मिलाइनुका साथै समिक्षा प्रणालीलाई थप ब्यवस्थित बनाइने छ ।

५८ गाउँपालिका स्वास्थ्य सेवाको नियमित अनुगमन तथा मूल्याङकन र नियमनलाई प्रभावकारी बनाईनेछ ।

५९ प्रसुति सेवालाई गुणस्तरीय प्रविधिमैत्री र भरोसायुक्त बनाईनेछ ।

६० गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी ( zero home delivery) वडा हुँदै गा.पा. घोषणा गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६१ चौबिसै घण्टा सेवा प्रदान गर्नु पर्ने वर्थिङ्ग सेन्टरमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थानीय निकायबाट थप सुविधाको व्यवस्था गरिने छ ।

६२ विपन्न नागरिक सम्म स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा पुर्याईनेछ। साथै आपाङ्गता भएका ग र घ बर्गलाई निःशुल्क स्वास्थ्य बिमा गरिनेछ ।

६३ कार्य सम्पादनको आधारमा म.स्वा.से,स्वास्थ्यकर्मी र स्वास्थ्य सस्थाहरुलाई उचित प्रोत्साहनको ब्यवस्था गरिनेछ ।

६४ म.स्वा.स्वयंसेविकाहरुलाई नमूना स्वास्थ्य संस्थाको अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

६५ गाउँपालिका क्षेत्रबाट निस्कने फोहोरको उचित ब्यवस्थापन गरी वातावणरीय प्रदुषण कम गर्नुका साथै सरुवा रोगको नियन्त्रण गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

६६ गाउँपालिका अन्तर्गत निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको संचालन ,स्तरोन्नतिको लागि आवश्यक प्रबन्ध गरिनेछ।

६७ स्वास्थ्य सम्बन्धि कमजोर सूचकाङ्करुलाई सुधार गर्न साझेदार संस्थाहरुको समेत लगानी, सहयोग र समन्वयमा थप प्रभावकारी बनाई लगिनेछ।

६८ गाउँपालिका भित्र संघ संस्थको भवन, विद्यालय र भाडाको कोठामा संचालन हुँदौ आएका गाउँघर क्लिनिक र खोप ल्किनिक कार्यक्रमहरुलाई सहज , सरल र सुविधायोग्य बनाउन गाउँघर ल्किनिक र खोप ल्किनिक भवन निर्माणको कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

६९ उत्पादन लागत घटाउन घाँसमा आधारित पशुपालन पद्धतिलाई विशेष प्राथमिकता दिइनेछ । यसको लागि हिउँदे घाँस तथा डाले घाँसको बीउ/सेट्स/बेर्ना वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

७० **"एक वडा एक पशु प्राबिधिक"** मार्फत हरेक वडामा पशुपन्छीको उपचार व्यवस्था गरिनेछ ।

७१ पशुपन्छीको आहार, व्यवस्थापन तथा पशुपालनमा ज्ञान अभिवृद्धि गर्ने तालिमहरू हरेक वडामा सञ्चालन गरिनेछ ।

७२ पशुपालनमा जोखिम घटाउनको लागि बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रम अगाडि बढाइनेछ ।

७३ पशुबाट मानिसमा र मानिसबाट पशुमा सर्ने रोग (जुनोटिक रोग) हरुको रोकथाम तथा नियन्त्रणको लागि कृषकस्तरमा तालिम साथै कुकुरलाई रेबिज रोग बिरुद्धको कार्यक्रम सञ्चालन गरिनेछ र कुकुर बन्ध्याकरण कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ ।

७४ पशुजन्य उत्पादन वृद्धि गर्न र स्थानीयस्तरमा पालिएका पशुहरूको नश्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७५ पशुपालन व्यवसायलाई थप सहज गराउन र उत्पादकत्व वृद्दि गर्नको लागि यान्त्रिकिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

७६ पशुपालनमा देखिएका महामारीजन्य रोग नियन्त्रणको लागि हाल सञ्चालनमा भइरहेको पशु खोप कार्यक्रमलाई सबै वडामा निरन्तरता दिइनेछ ।

७७ यस गाउँपालिकालाई मत्स्य हबको रुपमा विस्तार गर्न आवश्यक समन्वय गरिनेछ।

७८ सङ्घीय सरकारसगँको साझेदारीमा पाडा प्रवर्धन कार्यक्रम सञ्चालन गरी मासु उत्पादन तथा निर्यातमा टेवा पुर्याईनेछ।

७९ गैडहवा गाउँपालिका कृषि, पशुपन्छी तथा मत्स्य पालनको तथ्याकं अद्यावधिक गरिने छ।

८० कृषि पेशालाई आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण गरी कृषि क्षेत्रको विकासका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ। कृषि उपज लक्षित (आलु,गाजर) लगायतका तरकारी खेतीको उत्पादन, प्रवर्द्धन र बजारीकरणका लागि प्रोत्साहान कार्यक्रम ल्याईनेछ।

८१ उन्नत विउको प्रयोगमा कृषकहरुको पहुचँ बृद्बि गर्ने व्यवस्था गरिनेछ।

८२ सिंचाई सुविधा नपुगेका क्षेत्रमा संघीय सरकार र प्रदेश सरकारसँगको समन्वयमा स्यालो ट्युवेल तथा डिप ट्युवेलमा भै.लु.भु.ज. सिचाई योजनालाई सुधार गरी सिचाँई क्षेत्र विस्तार गरिनेछ।

८३ कञ्चन सिचाँई योजना मार्फत सतही सिचाँई विस्तार गरी कृषि उत्पादन बृद्धिमा जोड दिईनेछ ।

८४ रासायनिक मलमा रहेको परनिर्भरता न्युनिकरण गर्न मलको बैकल्पिक श्रोतहरुको प्रयोगलाई प्रोत्साहन गरिने छ।

८५ कृषकहरुले प्रयोग गर्ने कृषि मिटर लगाउँदा विद्युत कार्यालयबाट लिईने जडान शुल्कमा दिदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८६ कृषकहरुको उत्पादनलाई सहज रुपमा बजार सम्म पुर्याउन आवश्यक पुर्वाधारको निर्माण एवम् व्यवस्थापन गरि संचालन गरिनेछ।

८७ कृषकको घरखेतमा प्राविधिक सेवा पुऱ्याउन **एक वडा एक कृषि प्राविधिकको** व्यवस्था मिलाईने छ।

८८ हाल कायम रहेका अनुदानको रासायनिक मल विक्रेताहरुलाई प्रभावकारी नियमनको माध्यमबाट समायोजन गर्दै सक्षम बनाईनेछ । किसान सेवा कार्डबाट वितरण प्रकृयालाई थप व्यवस्थित बनाईदै लगिने छ।

८९ सूर्यपुरामा निर्माण भएको चिस्यान केन्द्र र संकलन केन्द्र लाई संचालनमा ल्याई कृषकहरुको उत्पादनलाई बजारीकरण गर्न सहजिकरण गरिनेछ ।

९० वन्यजन्तु (बादँर, बदेल,निलगाई जस्ता) बाट कृषि उपजमा हुने क्षतिलाई न्यूनिकरण गर्न संम्भावित उपायहरुको खोजी गरिनेछ।

९१ सिचाँईका सम्भावित सबै उपायहरुको खोजी गरी संघ र प्रदेश सरकारसगँ समन्वय र सहयोगमा सिचाँईको विकास र विस्तार गरिनेछ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

९२ लुम्बिनी घुम्न आउने पर्यटकहरुलाई गैडहवा ताल,यशोधरा पार्क,रामजानकी मन्दिर, वाल उद्यान, तुलसीहवा ताल जस्ता रमणीय स्थलहरु घुम्न आउने वातावरण निर्माण गरिनेछ । सोको लागि प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरिनेछ ।

९३ गैडाताललाई सिमसार क्षेत्रको रुपमा सूचिकृत गरी सुरक्षित रुपमा बाह्रै महिना स्टिमर चलाउने, आसपासको क्षेत्रलाई बनभोज स्थलको रुपमा विकसित गर्ने, आगन्तुक चराको सरंक्षण गर्ने र गैडातालमा रहेको होमस्टेको स्तरोन्नती गरी आन्तरिक पर्यटन मार्फत गैडहवाबासीको आय आर्जन बृद्धि गरिनेछ।

९४ **“श्रमको सम्मान राष्ट्रको अभियान”** अन्तर्गत श्रम संवाद मन्च सञ्चालन गरिनेछ ।

९५ राष्ट्रिय रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गरी श्रमशील युवालाई आय आर्जनमा जोड्ने व्यवस्था मिलाइने छ ।

९६ महिला शसक्तिकरणलाई प्रभावकारी रुपमा संचालन गर्ने र महिलाहरुलाई विभिन्न किसिमका सीपहरु प्रदान गरी आत्मनिर्भर बन्न थप व्यवस्था मिलाइने छ ।

९७ स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चित हुने व्यवस्था मिलाइनेछ ।

**९८** गाउँपालिकाभित्र सम्भावित नयाँ उद्योगहरु स्थापना गर्न लगानीमैत्री वातावरण वनाईनेछ । उद्योग र व्यापारमा आवद्ध संस्थाहरुको सहकार्यमा गाउँपालिका भित्र सञ्चालन गर्न सकिने विभिन्न सम्भावित उद्यमहरु पहिचान गरी उद्योग स्थापना गर्न लगानिकर्ताहरुलाई प्रोत्साहन गरिनेछ । लघुउद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमी तयार गरिनेछ ।

९९ गाउँपालिकाभित्र रहेका सम्पूर्ण सडकहरुलाई बाह्रै महिना संचालन हुने गरी मर्मत सम्भारको व्यवस्था मिलाइनेछ ।साथै गाउँपालिकाको सडक गुरुयोजना तर्जुमा गरी व्यवस्थित सडक सञ्चालनको विकास गरिनेछ।

१०० सूर्यपुरा बजारमा सम्पन्न रिङरोडलाई ट्राफिक मैत्री बनाईनेछ ।

१०१ नदी नियन्त्रणको लागि स्थानीय स्तरमा उपलब्ध हुने समाग्रीको प्रयोग गर्ने र नदी किनारमा कटान भएको स्थानहरुमा तटवन्ध कार्य गरिनेछ।

१०२ जलवायु परिवर्तनका असर प्रभावको न्यूनिकरण गर्न अनुकुलन तथा उत्थानशिलता प्रवर्द्धन गरिने छ ।

१०३ वैकल्पिक उर्जाको उपयोगमा थप जोड दिइने छ ।विद्युतिय चूलो, सुधारिएको चूलो, वायोग्यास जस्ता वैकल्पिक उर्जाका श्रोत अति विपन्न परिवारलाई निःशुल्क वितरण गरिने छ ।

१०४ भवन निर्माणमा भवन निर्माण आचार संहिताको पालनालाई अनिवार्य गरिने छ । आफ्नो स्वामित्वमा रहेको जग्गाको ठिक नक्साङ्कन बिना भवन निर्माण गरी कतिपय नागरिकहरुले झै-झगडा र दुःख ब्यहोर्नु परेको अवस्थालाई मध्यनजर गर्दै भुकम्पिय सुरक्षित भवन निर्माण गर्नलाई नक्सापास कार्यलाई प्रभावकारी बनाईनेछ।

१०५ साविकका पानी निकास क्षेत्रको संरक्षण मर्मत संभार गर्दै पानीको प्राकृतिक वहावका अवरोध हटाइने छ ।

१०६ विद्युत मिटर जडान गर्न नसकेका विपन्न, दलित र सिमान्तकृत वर्गका समुदायलाई नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा निःशुल्क विद्युत मिटर उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

१०७ विद्युत भोल्टेज कम, विद्युत तार समस्या भएका स्थानमा तार व्यवस्थापन र भोल्टेज सुधारको लागि नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा थप पोल तार तथा ट्रान्सफर्मरको क्षमता वृद्धि गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

१०८ गैडहवा गाउँपालिका अन्तर्गतको **सन्तेश्वर (त्रिवेणी) घाट** निर्माणको काम सम्पन्न गरी दाह संस्कार स्थललाई व्यवस्थित बनाईनेछ ।

१०९ विद्युत लाइन तथा पोल नपुगेका गाउँपालिका भित्रका सम्पूर्ण क्षेत्र पहिचान गरी नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा गाउँपालिका भित्रका सबै घरमा विद्युतको पहुँच पुऱ्याइने छ ।

११० गाउँपालिका स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (N-Wash) बनिसकेकोले **एक घर एक धारा**को लागि आवश्यक कार्यक्रम ल्याईनेछ ।

१११ वर्षातको समयमा सार्वजनिक तथा विद्यालय जाने बाटोहरूमा पर्ने खाल्डाहरूका कारण विद्यार्थीहरू जोखिममा पर्ने हुँदा, उक्त जोखिम तत्काल हटाउन सडक मर्मत गरी **"खाल्डो विहीन गाउँपालिका"** को सुनिश्चितता गरिनेछ।

११२ संघीय सरकार र प्रदेशसरकारसँगको सहकार्यमा सञ्चालन हुने योजनाको लागि समपुरक रकमको ब्यवस्था गरिनेछ ।

११३ संघ, प्रदेशसँग समन्वयको आधारमा स्थानीय सरकार सँचालन हुनेछ । ठूला योजनाहरु संघ र प्रदेश सरकारसँगको सहभागितामा सञ्चालन गर्ने संवैधानिक व्यवस्थाको कार्यान्वयन सुनिश्चितता गरिनेछ।

११४ गाउँपालिकाको आम्दानीका श्रोत बढाउन राजश्वका क्षेत्रहरु पहिचान गरी आयका क्षेत्र विस्तार गरिनेछ ।

११५ करका क्षेत्रमा नसमेटिएका व्यवसायीहरुलाई करको दायरामा ल्याउने व्यवस्था मिलाईनेछ।जनतालाई घर नजिकबाट राजस्व सेवा उपलब्ध गराउन घुम्ति शिविरको सञ्चालन गरिनेछ ।

११६ पुँजि वजारको पहुंच विस्तारका लागि धितोपत्र वोर्डवाट निष्काशन हुने प्राथमिक शेयरमा लगानी गर्नका लागि समुदाय स्तरमा पुंजीवजार शिक्षा संचालन गरिनेछ।

११७ आगलागीको जोखिमबाट बच्न फुसको घर भएका र वन क्षेत्रको वरिपरि रहेका समुदायहरूलाई विशेष ध्यानमा राखी लक्षित जनचेतना अभियान सञ्चालन गरिनेछ।

११८ जाडो मौसमको प्रतिकूलता र शीतलहरको अवस्थालाई हेरी नागरिकहरूको सुरक्षाको उचित व्यवस्था मिलाईनेछ ।

११९ वातावरण संरक्षण तथा विपद व्यवस्थापनका क्षेत्रमा भएका असल अभ्यासहरूको सिकाइ र प्रवर्द्धनका लागि अन्यपालिकाहरूसँग आवश्यक समन्वय तथा अन्तर्कृया कार्यक्रमको व्यवस्था गरिनेछ।

१२० जिल्ला विपद व्यवस्थापन समितिसँगको समन्वयमा नेपाल रेडक्रस सोसाईटी, सुरक्षा निकायहरू र आम स्वयंसेवकहरूलाई सम्मिलित गराई विपद तथा उद्धार कार्य सम्बन्धी नियमित अभ्यास र पूर्वतयारी तालिम सञ्चालन गरिनेछ।

१२१ विपद (जस्तै भूकम्प वा अन्य आपतकालीन अवस्था) को बेला नागरिकलाई सुरक्षित राख्न खुला स्थानहरूको आवश्यकता पर्ने भएकाले, पालिकाभित्रका उपयुक्त खुला स्थानहरू पहिचान र व्यवस्थापन गर्ने नीति लिईनेछ।

१२२ गाउँपालिकामा एक व्यवस्थित **'विपद व्यवस्थापन केन्द्र'** स्थापना गरिनेछ, जसमा आवश्यक उद्धार सामग्रीहरूको भण्डारण सहित चौबीसै घण्टा सुविधा उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

१२३ प्राकृतिक विपदबाट मानविय क्षति पुगेको परिवारलाई गाउँपालिकाको तर्फबाट उचित आर्थिक सहायता तथा राहत प्रदान गरिनेछ।

१२४ विपदको समयमा तत्काल सूचना आदानप्रदान गर्न विपद व्यवस्थापन सूचना प्रणाली (DMIS)लाई मजबुत बनाइनेछ, जसका लागि आधुनिक अनलाइन सूचना प्रणालीलाई विशेष प्राथमिकता दिइनेछ।

१२५ दमकल, एम्बुलेन्स तथा अन्य सरकारी सवारी साधनहरूलाई जुनसुकै बेला आइपर्ने विपद वा संकटकालीन अवस्थामा तत्काल प्रयोग गर्न मिल्ने गरी सदैव तम्तयार (Standby) अवस्थामा राखिनेछ।

१२६ सार्वजनिक जग्गाहरुको नाप जाँच मार्फत क्षेत्र यकिन गरी संरक्षण एवं वृक्षारोपण गरिनेछ।

१२७ दानव तथा कंचन नदीले वर्षेनी खेती योग्य जमिन कटान गरी उर्वराभूमिलाई बगर बनाइ रहेकोमा नदी कटान नियन्त्रण गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी नदी नियन्त्रण गरी तटबन्ध कार्यक्रम संचालन गरिने छ।

१२८ आगलागी, डढेलो नियन्त्रण गर्न बारुण यन्त्र संचालनका लागि छिमेकी स्थानीय तहसगँको साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२९ कृषि उद्यमवाट उत्पादित अतिरिक्त उत्पादन जस्तै गहुं,धानको छवाली जलाउने जस्ता कार्यलाई निरुत्साहित गरिने छ ।यस्ता कार्यमा संलग्नलाई दण्ड सजायको व्यवस्था गरिने छ ।

१३० सडक दुर्घटना न्यूनिकरण, तीब्र गति नियन्त्रण, सवारी साधन सुरक्षा एवं सामाजिक सुरक्षाको लागि नेपाल प्रहरीसगँ सहकार्य गरिनेछ ।जसको लागि CCTV, High mast LED flood Light, Road Barricade (सडक ब्यारिकेट) व्यवस्थापन गरिनेछ ।

१३१ सार्वजनिक बाटो तथा सडक मिचेर पराल, घरायसी सरसामान, सवारी साधन, पशु-पन्छी, चौपाया र निर्माण सामग्रीहरू राख्ने कार्यलाई कडाईका साथ निरुत्साहित गरी सडक दुर्घटनाको जोखिम न्यूनीकरण गरिनेछ।

**उपस्थित महानुभावहरुः**

१३२ गैडहवा गाउँपालिका भित्रका १, २, ३, ४, ५ र ७ वडाका घरवास जग्गामा बसोबास गर्ने बसोबासिको जग्गा नाप नक्सा सम्पन्न भई सकेकोले आगामी आर्थिक वर्षमा जग्गा धनी प्रमाण पुर्जा वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

१३३ लामो समयदेखि जग्गा उपभोग गरी बसोबास गर्दै आएका अव्यवस्थित बसोबासीहरु, भूमिहिन दलित, भूमिहिन सुकुम्वासीको लगत प्रविष्टी, निस्सा वितरण, नापनक्सा, जग्गा वर्गीकरण अधिकाशं सम्पन्न भईसकेकोले आर्थिक वर्ष २०८३/०८४ भित्रै जग्गाधनी प्रमाण पुर्जा तयारी र वितरणको शिघ्र प्रबन्ध गरिनेछ।

१३४ सहकारीमा हुन सक्ने सम्भावित वित्तीय जोखिम र ठगीबाट सर्वसाधारण नागरिक र बचतकर्ताहरूलाई जोगाउन सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि सबै प्रकारका सूचना प्रविधिको प्रयोग गरिनेछ।

१३५ सहकारी संस्था खोल्ने पूँजी जम्मा गर्ने र सर्व साधारणको रकम लिएर दुरुपयोग गर्ने देखिएकोले सहकारीहरुको अनुगमन र निरीक्षणलाई प्रभावकारी बनाइनेछ ।

१३६ सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीहरूको कार्यक्षमता अभिवृद्धिका लागि उत्कृष्ट प्रशिक्षकहरूलाई सहजकर्ताको रूपमा परिचालन गरिनेछ। कमजोर आर्थिक अनुशासन एवम् गाउँपालिकामा नयाँ दर्ता भएका सहकारीहरूलाई हिसाब-किताब राख्ने र कानुनी प्रक्रिया पुऱ्याउने सम्बन्धमा व्यावहारिक ज्ञान सिकाउन अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१३७ सर्वसाधारण नागरिकहरूको बचतको सुरक्षा र सहकारी संस्थाहरूमा वित्तीय अनुशासन कायम गर्न **"जोखिममा आधारित सघन अनुगमन"** प्रणाली लागू गरिनेछ।

१३८ कार्यक्षेत्र एक अर्कासँग खप्टिएका वा जोडिएका र एकै विषय वा प्रकृतिका सहकारी संस्थाको एकीकरण कार्यलाई प्रोत्साहन गरिनेछ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

१३९ गाउँपालिकाका सम्पूर्ण प्रशासनिक, आर्थिक र सिफारिसजन्य सेवाहरूलाई आधुनिक प्रविधिसँग जोड्दै लगिनेछ। सेवाग्राहीले घरमै बसेर वा नजिकैको डिजिटल केन्द्रबाट सेवा लिन सक्ने गरी अनलाइन प्रणाली (Online System) मार्फत सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

१४० गाउँपालिका तथा वडा कार्यालयमा डिजिटल नागरिक बडापत्र (Digital Citizen Charter) राखी सूचना प्रविधको माध्यमबाट नागरिकलाई सेवा प्रवाहको जानकारी सहज रुपमा उपलब्ध गराईनेछ।

१४१ सार्वजनिक खरिद प्रकियालाई पारदर्शी मितव्ययी र प्रतिस्पर्धी बनाउन प्याकेजिङ्ग गरी विद्युतीय खरिद(e-GP) प्रणाली अवलम्बन गरिनेछ।साथै कार्यालयको आन्तरिक जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यहरु प्रतिस्पर्धामा आधारित परामर्श सेवा मार्फत सञ्चालन गरिनेछ ।

१४२ डिजिटल सुशासनको जग मजबुत बनाउन गाउँपालिका, सबै वडाहरूमा उच्च गतिको इन्टरनेट, आधुनिक कम्प्युटर, प्रिन्टर र आवश्यक सफ्टवेयरहरूको व्यवस्था मिलाइनेछ।

१४३ सेवाग्राहीले कार्यालयमा दर्ता गराएका फाइल वा निवेदन कुन शाखामा पुग्यो, के कति काम भयो? र किन रोकियो? भन्ने कुरा तत्काल अनुगमन गर्न मिल्ने गरी आधुनिक फाइल ट्र्याकिङ प्रणाली लागू गरिनेछ।

१४४ गाउँपालिकाबाट स्वीकृत भइसकेको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) लाई आगामी साउन महिना देखि नै तत्काल लागू गरिनेछ। यसका लागि आवश्यक संरचनागत सुधार, शाखाहरूको जिम्मेवारी बाँडफाँड र कर्मचारीको कार्य विभाजनलाई पूर्णता दिइनेछ।

१४५ गाउँपालिका अन्तर्गत विभिन्न सेवा समूहका जनशक्तिको पदपूर्तीलाई थप व्यवस्थित बनाईनेछ ।

१४६ लोक सेवा आयोग, सङ्गठित संघ संस्थाहरुको जनशक्ति आपूर्ती सम्बन्धी विज्ञापनमा आवद्धता पहुँच बढाउन सहजिकरण गरिनेछ।

१४७ सेवाग्राहिको समय र सहजताको लागि **"पहिले आउनेले पहिले सेवा पाउने"** सेवा दिन टोकन प्रणालीलागू गरिनेछ।

१४८ सेवा लिन आउने नागरिकहरू सामान्य कागजातको फोटोकपी वा प्रिन्टका लागि बजार धाउनु नपरोस् भनी थप सहजताका लागि कार्यालय परिसर भित्रै फोटोकपी तथा सामान्य किसिमका प्रिन्टको उचित व्यवस्था मिलाइनेछ।

१४९ नागरिकलाई छिटो, छरितो र प्रविधिमैत्री सेवा प्रदान गर्दै स्थानीय सरकारको उपस्थिति महसुस हुने गरी सबै क्षेत्रमा सुधारका कार्यहरु गरिनेछ ।

१५० सार्वजनिक सम्पत्ती सरंक्षण, प्राकृतिक स्रोतको संरक्षण विपद व्यवस्थापन लगायतका कार्यलाई सहज रुपमा सम्पादन गर्न नगर प्रहरी व्यवस्थापन अगाडी बढाईनेछ ।

१५१ सार्वजनिक सम्पत्ती तथा निर्मित संरचनाहरुको संरक्षण, मर्मत सम्भार तथा सुरक्षाको लागि नागरिको अपनत्व विकास गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१५२ ई-हाजिरी (Electronic Attendance) को परिपालना दरलाई बढाई समयबद्ध उपस्थितिलाई शत प्रतिशत पुर्याईनेछ ।

१५३ हाल सञ्चालनमा रहेका विभिन्न सफ्टवेयरहरूको अधिकतम र प्रभावकारी उपयोगलाई निरन्तरता दिइनेछ। कार्यालयको दर्ता, चलानी, राजश्व तिर्ने कार्य र सिफारिस लगायतका प्रशासनिक सेवाहरूलाई पूर्ण रूपमा अनलाइन प्रणालीमा आबद्ध गरी सेवाग्राहीले घरबाटै वा सहज रूपमा सेवा पाउने वातावरण निर्माण गरिनेछ।

१५४ गाउँपालिका केन्द्रमा हुने भीडभाड कम गर्न र सेवाग्राहीलाई एउटै कामका लागि पटक-पटक धाउनुपर्ने अवस्था आउन नदिन अधिकांश प्रशासनिक तथा सिफारिसजन्य कार्यहरू सम्बन्धित वडा कार्यालयहरूबाटै हुने व्यवस्था मिलाइनेछ। **"सिंहदरबारको अधिकार गाउँ-गाउँमा"** भन्ने नारालाई मूर्त रूप दिन वडालाई थप स्रोत र साधनसम्पन्न बनाइनेछ।

१५५ गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्त्वका विशेष स्थानहरू, सिमानाहरू र प्रमुख सरकारी कार्यालयहरूको अगाडि स्पष्ट देखिने गरी आधुनिक र सूचनामूलक सङ्केत पाटी (Digital/Reflective Signboards)

हरू जडान गरिनेछ। यसले बाह्य तथा आन्तरिक आगन्तुकहरू र पर्यटकहरुलाई पालिकाको भूगोल र सेवा केन्द्रहरू पहिचान गर्न सहज बनाउनेछ।

१५६ कर्मचारीहरूले हाल पाइरहेका सम्पूर्ण सेवा, सुविधाहरू तथा प्रोत्साहन भत्तालाई कानूनसम्मत रूपमा निरन्तरता दिइनेछ।

१५७ जनतालाई प्रत्यक्ष सेवा पुर्‍याउने कर्मचारीहरूको कार्यसम्पादन, ढिलासुस्ती र व्यवहारको प्रत्येक १५ दिनमा (पाक्षिक रूपमा) नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ। यसले सेवा प्रवाहमा देखिएका त्रुटीहरूलाई तत्काल सच्याउन मद्दत गर्नेछ। ।औचित्य र आवश्यकता अनुसार जिम्मेवारीमा हेरफेर गरी सबैलाई सबै काम गर्न सक्ने गरी सक्षम बनाईनेछ ।

१५८ प्रशासनिक समीक्षा र योजना तर्जुमाका लागि प्रत्येक १५ दिनमा कम्तीमा एक पटक अनिवार्य रूपमा कर्मचारी बैठक बस्नेछ। भौगोलिक दुरी र समयको बचतलाई ध्यानमा राख्दै यो बैठक भौतिक रूपमा वा अनलाइन (Virtual) माध्यमबाट बस्न सक्नेछ।

१५९ कर्मचारीहरूको कार्यसम्पादन स्तर (Performance Level) र तोकिएको लक्ष्य हासिल गरेको आधारमा सेवा सुविधाहरूमा थप वृद्धि वा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।

१६० कर्मचारीहरूको कार्यथकाइ (Burnout) कम गर्न र पालिकाभित्र तथा देशका अन्य हिस्सामा आन्तरिक पर्यटन प्रवर्द्धन गर्नका लागि वित्तीय तथा व्यवस्थापकीय प्रबन्ध मिलाइनेछ।

१६१ संगठनात्मक पदसोपान (Hierarchy) र प्रशासनिक मर्यादालाई पूर्ण रूपमा पालना गराइनेछ। उच्च आचरण र उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई 'उत्कृष्ट कर्मचारी पुरस्कार' द्वारा सम्मानित गरिनेछ भने अनुशासनहीनता, ढिलासुस्ती वा आर्थिक अनियमितता गर्नेलाई प्रचलित कानून बमोजिम दण्ड र सजायको भागीदार बनाइनेछ।

१६२ प्रत्येक कर्मचारीको स्पष्ट कार्यविवरण (Terms of Reference - TOR) तयार गरी लागू गरिनेछ, जसले गर्दा कार्यक्षेत्रमा दोहोरोपन र अन्योलता रहने छैन। साथै, 'जसको काम, उसकै मूल्याङ्कन' को सिद्धान्त अनुरूप Performance Based Incentive (PBI) प्रणाली लागू गरी सक्षम कर्मचारीलाई उत्प्रेरित गरिनेछ।

१६३ नीति निर्माण गर्ने जनप्रतिनिधि र त्यसलाई कार्यान्वयन गर्ने कर्मचारी संयन्त्र (स्थायी सरकार) बीच सुमधुर र सौहार्दपूर्ण सम्बन्ध कायम राखिनेछ। यसका लागि नियमित संयुक्त बैठक, अन्तरक्रिया र कार्यगत समन्वयलाई निरन्तरता दिइनेछ।

१६४ गाउँपालिका सञ्चालनका लागि आवश्यक तर हालसम्म निर्माण हुन बाँकी रहेका स्थानीय नीति, ऐन, नियम र कार्यविधिहरू यथाशक्य चाँडो तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। कानून निर्माण प्रक्रियालाई व्यावहारिक र परिपक्व बनाउन सफल भएका अन्य उत्कृष्ट पालिकाहरूको अध्ययन भ्रमण (Inter-Municipality Exposure Visit) गरिनेछ र तिनीहरूसँग आपसी अनुभव आदानप्रदान तथा समन्वयलाई प्राथमिकता दिइनेछ।

१६५ आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त गराई आर्थिक अनुसासन कायम गर्दै भुक्तानी प्रणालीलाई पुर्णरुपमा विद्युतीय बनाइने बनाइने छ ।

१६६ बिनियोजन कुशलता तथा कार्यान्वयन दक्षता कायम गर्दै पुजीगत खर्चमा बढोत्तरी गरिने छ

१६७ सार्वजनिक खरिद ऐन, नियमहरुको पुर्ण परिपालना गरि पारदर्शिता कायमगरि बेरुजु न्यूनिकरण गरिने छ ।

१६८ बार्षिक खरिद योजना स्वीकृत गरि सोही अनुसार योजना तथा कार्यक्रम संचालन गरि असार महिनामा कामको चापलाई न्यून पारिने छ ।

१६९ प्रत्येक वडामा कम्तिमा **एक योजना वडा गौरवको** रुपमा अगाडी बढाइने छ ।

१७० आधुनिक भवन नभएका वडाहरुलाई संघ तथा प्रदेश सरकारको समन्वयमा वडा कार्यालय भवन निर्माण कार्य अगाडी बढाइने छ ।

१७१ महालेखापरिक्षकको प्रतिवेदनले औल्याएका बेरुजुको फछ्यौटका लागि आवश्यक कानून तर्जुमा गरि बेरुजु फछ्यौट कार्यलाई तिब्रता दिइने छ ।

१७२ सामाजिक परिक्षण, सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाइ कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरी जनतासँगको अन्तरक्रियालाई प्रभावकारी वनाइने छ ।

१७३ न्यायिक समितिको अन्तरपालिका कार्य सम्पादन अध्ययन अन्तर्कृया मार्फत क्षमता विकास गरिने छ ।

१७४ गाउपालिकामा न्याय निरुपणका लागि आवश्यक कानूनी पूर्वाधारलाई पूर्णता दिईने छ ।

१७५ न्यायिक समितिको कार्य सम्पादनका क्रममा देखिने सुरक्षा चुनौतीको व्यवस्थापनमा जोड दिईने छ ।

१७६ न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यहरुलाई प्राथमिकता दिदै सवै किसिमका अन्याय र अत्याचारको अन्त्यको लागि पहल गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

१७७ सामाजिक सुरक्षा भत्ता तथा पञ्जिकरणका कार्यहरुलाई संघीय सरकारको समन्वयमा एम.आई.एस.प्रणालीमा अद्यावधिक गरिनेछ ।

१७८ सामाजिक सुरक्षा भत्ता नविकरण, घटना दर्ता सप्ताह कार्यक्रम लगायतका कार्यक्रम प्रभावकारी बनाउन प्रचार-प्रसार अभियान सञ्चालन गरिनेछ ।

१७९ Biometric verification का माध्यमबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान गरि सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप व्यवस्थित बनाइने छ ।

१८० घरबार बिहिन तथा आश्रय स्थल नभएका व्यक्तिहरुलाई मानवसेवा आश्रममा राख्ने व्यवस्था मिलाइने र त्यसका लागि आवश्यक बजेटको विनियोजन गरिनेछ ।

१८१ युवाहरुलाई दुर्व्यसनको लतबाट छुटाउन विभिन्न किसिमका सचेतना मुलक कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

१८२ उपभोक्ता समिति मार्फत काम गर्दा खाता सञ्चालनमा कम्तिमा १ जना महिला अनिवार्य हुनु पर्ने र उपभोक्ता समितिका पदाधिकारीमा ३३ प्रतिशत महिला सुनिश्चित गरिनेछ ।

१८३ शान्ति सुरक्षा र सु-व्यवस्थालाई प्रभावकारी बनाउन सुरक्षाका अंगहरुसंग सहकार्यमा सुरक्षाका भौतिक तथा सामाजिक संरचनामा सुधारको नीति अवलम्वन गरिने छ ।

१८४ गाउँपालिकाको योजना कार्यान्वयन तथा सेवा प्रवाहको प्रभावकारीताको मापन तथा सुधारका लागि सर्वेक्षण फारम मार्फत जनताको राय बुझ्ने कार्यको शुरुवात गरिनेछ ।

१८५ असहाय तथा विपद्बाट प्रभावितहरुका लागि आवश्यकतामा आधारित कपडालत्ता क्लोथ बैंक नेपालको सहकार्यमा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१८६ उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१८७ अटो रिक्सा हरुको सञ्चालन नियमनकोलागि दर्ता नविकरण तथा अनुगमन प्रणाली विकास गरी लागू गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

१८८ फोहोरलाई विसर्जन गर्न बजार क्षेत्र तथा हाट बजार क्षेत्रबाट फोहोर उठाउने व्यवस्थाका लागि गाउँपालिकाको सवारी साधनलाई संचालन गर्ने व्यवस्था मिलाइने छ ।

१८९ वातावरणमा दुर्गन्ध फैलिने गरी फोहोर गर्ने वा फोहोर फाल्ने कार्यलाई पूर्ण रूपमा रोकिनेछ। नियम विपरीत दुर्गन्ध फैलाउनेलाई नियमानुसार कानूनी कारवाही गरिनेछ।

१९० सरसफाईलाई विशेष प्राथमिकता दिँदै गैडहवा गाउँपालिकाभित्र निर्माण भएका सार्वजनिक शौचालयहरूलाई सम्बन्धित वडाको सहकार्य र रेखदेखमा व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

१९१ घर-घरमा निर्माण भएका शौचालयहरूको नियमित सरसफाई गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। सार्वजनिक कुलो, नदी, पोखरी आदि जलाशयहरूमा शौचालयको फोहोर वा अन्य घरेलु फोहोरमैला मिसाउने वा फाल्ने कार्यलाई निरुत्साहन गरिनेछ ।

१९२ गाउँपालिका क्षेत्रका घर, बजार तथा व्यवसायहरूबाट निस्कने प्लास्टिकजन्य फोहोरमैलालाई न्यूनीकरण गर्न, संकलन गर्न र त्यसलाई पुनर्चक्रण (Recycle) तथा पुनः प्रयोग (Reuse) मा ल्याउन व्यापक जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१९३ स्वास्थ्य संस्था तथा मेडिकल क्षेत्रबाट निस्कने जोखिमयुक्त फोहोरमैला जथाभावी फाल्ने कार्यलाई निरुत्साहित गर्दै वैज्ञानिक र सुरक्षित व्यवस्थापन सुनिश्चित गरिनेछ।

१९४ ध्वनी प्रदुषण नियमनको लागि आवश्यक प्रबन्ध गरिनेछ ।

**<u>अन्त्यमा</u>**:

यस गाउँपालिकाले दीर्घकालिन सोच, उद्देश्य, प्राथमिकताका साथ अघि सारेका नीति तथा कार्यक्रमको सफल कार्यान्वयनले यस गाउँपालिकालाई समृद्ध बनाउन योगदान पुर्याउने कुरामा विश्वास राख्दछु । यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुऱ्याउनुहुने उपाध्यक्षज्यू लगायत सम्पूर्णगाउँसभाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, बुद्धिजीवि, समाजसेवी, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । नीति तथा कार्यक्रम अनुरुप यस गाउँपालिकालाई **सुखी, खुसी र समृद्ध** बनाउन सबैको साथ,सहयोग र सहकार्यको आशा र विश्वासको अपेक्षा राख्दछु ।

२०८३।३।७

.................................

**सुरेन्द्र पौड्याल**

**अध्यक्ष**

**गैडहवा गाउँपालिका**